सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ मिति : पौष २३ गते, २०७५

## भाग – २

## सिद्धार्थनगर नगरपालिका

# टोल सुधार समितिको निर्देशिका, २०७५

प्रस्तावना :आफ्नो टोलमा उपलब्ध श्रम, सीप र साधान तथा अवसरहरुलाई अधिकतम परिचालन गरी स्वास्थ्य, सरसफाई, कला संस्कृति लगायतका पुर्वाधार विकास तथा आर्थिक क्रियाकलापहरुमा नगरपालिकाको उद्देश्य अनुरुप सक्रिय सहभागिताका लागि तोकिएको भौगोलिक क्षेत्रभित्र बसोवास भएको एक घर एक सदस्यको अवधारणामा आधारित भै टोल सुधार समितिको सञ्चालन तथा व्यवस्थापन गर्न बान्छनीय भएकोले सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४(१) बमोजिम सिद्धार्थनगर नगरकार्यपालिकाले यो टोल सुधार समितिको निर्देशिका, २०७५ बनाएको छ ।

## परिच्छेद १
## १. प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क. यो निर्देशिका टोल सूधार समितिको निर्देशिका हुनेछ ।

ख. यो निर्देशिका सिद्धार्थनगर नगरकार्यपालिकाले स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

ग. समितिको कार्यालय समितिले निर्णय गरी तोकेको ठाउंमा रहनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

१) "टोल सुधार समिति" भन्नाले सिद्धार्थनगर नगरपालिका भित्र यसै निर्देशिका बमोजिम गठन भई सम्बन्धित वडा कार्यालयमा सुचिकृत भएको टोल सूधार समितिलाई बुझ्नु पर्दछ ।

२) "निर्देशिका" भन्नाले टोल सुधार समितिको निर्देशिका, २०७५ लाई जनाउनेछ ।

३) "साधारण सभा" भन्नाले समितिको साधारण सदस्यहरुको भेलालाई सम्झनु पर्दछ ।

४) "समिति" भन्नाले टोल सूधार समितिको कार्यसमितिलाई सम्झनु पर्दछ ।

५) "वैठक" भन्नाले समितिको कार्य समिति/उपसमितिहरुको वैठकलाई सम्झनु पर्दछ ।

६)"पदाधिकारी" भन्नाले समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष, र सदस्यहरुलाई जनाउँदछ ।

७) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उप समिति सम्झनु पर्छ ।

८) "स्थानीय तह" भन्नाले सिद्धार्थनगर नगरपालिकालाई जनाउंछ ।

९) "कोष" भन्नाले समितिको नाममा सरकारी निकाय, स्थानीय तह संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम जम्मा हूने खातालाई जनाउंछ ।

**३. टोल सुधार समिति :**

१) टोल सुधार समिति तथा यस अन्तर्गत बनेका उपसमितिहरु वैधानिक समिति हुनेछन ।

२) समितिको आ–आफ्नो छुट्टै छाप र लेटरप्याड हुनेछ ।

३) समितिले तोकिए बमोजिमको कार्यको लागि चल अचल सम्पत्ती प्राप्त गर्न उपभोग गर्न वा कूनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

**४. समितिको उद्देश्यः**

१) स्थानीय रुपमा उपलव्ध श्रम, सीप, साधन तथा अवसरहरुलाई अधिकतम रुपमा परिचालन गर्न सहयोग पुर्‍याउने

२) समुदायमा सरसफाई, वातावरण संरक्षण, निरक्षरता उन्मुलन, विकृति र विसंगती न्युनिकरण गर्न समुदायलाई अग्रसर गराउने ।

३) माहामारी, प्रकोप, जक्ष्खरब्क्ष्म्क, लागु पदार्थ दुर्व्यसन, चेलीवेटी वेचविखन, महिला हिंसा तथा वालश्रम आदि नियन्त्रण तथा रोकथाम गर्न समुदायलाई अग्रसर गराउने ।

४) सार्वजनिक महत्वका विषयहरु जस्तै सामुदायिक भवन, सार्वजनिक जग्गा, मठमन्दिर, गुम्वा चर्च, मस्जिद, विद्यालय आदिको संरक्षण तथा सम्वर्द्धन गर्न अग्रसर गराउने ।

**५. टोल सुधार समितिका कार्यहरुः**

१. टोल सूधार समितिहरु मुलतः टोल, वडा समिति र सि.न.पा. प्रति उत्तरदायी हुनेछन् ।

२. टोल सूधार समिति वडा कार्यालयमा सुचिकृत भएको हुनुपर्नेछ ।

३. टोल सूधार समितिको वैठक मासिक रुपमा नियमित वस्नुपर्नेछ । वैठकमा गणपुरक संख्या ५१% रहनेछ ।

४. टोलमा आइपर्ने समस्या तथा चुनौतिहरुको समाधान गर्न एक अर्काको सहयोग लिइनेछ ।

५. वार्षिक रुपमा टोल सूधार समितिले घरधुरी सर्वेक्षण गरी अद्यावधिक अभिलेख राख्नुपर्नेछ ।

६. नगरपालिकाको अवधारणा वमोजिम टोल विकास संस्थाले आफ्नो टोलको दीर्घकालिन विकासको अवधारणा, निर्माण गर्न सक्नेछ ।

७. टोल सूधार समितिले विविध क्रियाकलापहरु संचालन गर्न विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

८. टोल सूधार समितिले प्रत्येक निर्णयको प्रतिलिपि वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

९. टोल सूधार समितिले वडा समितिको सहयोगी संस्थाको रुपमा कार्य गर्नूपर्नेछ ।

१०. टोल सुधार समितिको क्षेत्रभित्र पर्ने स्थानीय श्रोत साधनहरु आदि उपयोग गर्नु परेमा वडाको सिफारिशमा सि.न.पा. बाट अनुमति लिनुपर्नेछ ।

११. न.पा. र वडा समितिले दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ ।

१२. टोल सूधार समितिले आफ्नो क्षेत्रभित्र सरसफाई, वृक्षारोपण लगायतका सामाजिक क्रियाकलापहरुमा सकृय नेतृत्व लिई कार्य गर्नूपर्नेछ ।

## परिच्छेद २

**६. टोल सुधार समितिको गठन :**

१. निश्चित भौगोलिक क्षेत्रको सिमाना भित्र वसोवास गर्ने सिद्धार्थनगर नगरपालिका वडा न. १ देखि १३ सम्ममा कम्तिमा ५० देखि बढिमा आवश्यकता अनूसार घरधुरीसम्मको एक टोल सूधार समिति गठन गरिनेछ ।

२. टोल सूधार समिति गठन गर्नका लागि तोकिएको भौगोलिक क्षेत्रभित्र वसोवास गर्ने घरधुरीको नामावली सहित कम्तीमा ५ जना व्यक्तिले वडा कार्यालयमा निवेदन प्रस्ताव पेश गर्न सक्नेछन् । निवेदन पेश गर्ने ब्यक्तिहरुलाई उक्त क्षेत्र भित्र रहेका टोलवासीहरुलाई खवर गर्न र भेला आयोजना गर्न वडाले जिम्मेवारी प्रदान गर्नेछ । उक्त भेलामा वडाको प्रतिनिधिको उपस्थिती रहनेछ ।

३. टोल सुधार समिति नयां गठन गर्दा उक्त सिमाना भित्र पर्ने घरधुरीहरु मध्ये कम्तीमा ६७% को उपस्थितीमा सम्भव भएसम्म सर्वसम्मत निर्णयको आधारमा गरिनेछ ।

४. टोल सुधार समितिको समितिमा बढीमा ७ देखि ११ सदस्यीय कार्यसमिति गठन गरिनेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र वांकी बढीमा ७ जना सदस्यहरु रहनेछन् ।

५. समितिको कार्यकाल २ वर्षको हुनेछ । विशेष परिस्थिति भएमा साधारण सभाको सर्वसम्मत निर्णयका आधारमा १ वर्ष थप गर्न सकिने छ ।

६. समितिको वार्षिक साधारणसभा, लेखापरीक्षण तथा हरेक २/२ वर्षमा अधिवेशन हुनु पर्नेछ ।

७. समितिको नामाकरण वडा भित्र अन्य टोल सूधार समिति संग नदोहोरिने गरी सहमतिको आधारमा निर्णय गरी राख्नुपर्नेछ । नामाकरण गर्दा व्यक्तिको नाम, थरवाट राखिनु हुदैन ।

८. समितिका पदाधिकारीहरु चयन गर्दा दक्षता र क्षमताको आधारमा समावेशी गराउन पहल गर्नुपर्नेछ

९. समितिको पदाधिकारीमा नगरपालिकामा कार्यरत कर्मचारीहरु रहन सक्ने छैनन् तर कर्मचारीको परिवारलाई भने पदमा रहन वाधा पर्‍याएको मानिने छैन ।

१०. वडा समितिले आफ्नो वडामा गठन भएका सबै टोल सूधार समितिलाई समन्वय र सहजीकरण गर्नेछ ।

**८. सदस्यताः**

१. समितिको विधान वमोजिम समितिको उद्देश्य, कार्य प्रति श्रद्धा र निष्ठा राखी जिम्मेवारी र उत्तरदायित्व वहन गर्न स्वीकार गर्ने बयस्क नेपाली नागरिक यस टोल सुधार समितिको सदस्य हुनेछ ।

२. समितिले तोकिएको भौगोलिक सिमाना भित्रको वसोवास गरेको एक घर एक सदस्यको आधारमा सवै घरधुरीवाट समितिको सदस्य रहनेछन् ।

३. टोल क्षेत्रभित्र वसोवास गर्न आउने नयां घर परिवारवाट सदस्य वन्न सम्वन्धित व्यक्तिले समितिमा निवेदन दिनुपर्नेछ । समितिको निर्णयमा निजलाई सदस्यता प्रदान गरिनेछ ।

४. एक घरवाट एक जना भन्दा वढी सदस्य रहन पाइने छैन । सामान्यतया घरमूली/घरधनी समितिको सदस्य हुनेछ ।

५. एउटा टोल सुधार समितिमा सदस्य भएको व्यक्ति अर्को टोल समितिको सदस्य हुन पाइने छैन । तर फरक दुई टोल विकास समितिको भौगोलिक क्षेत्रभित्र घर भएमा भने दुवै तर्फ सदस्य रहन वाधा पर्ने छैन ।

६) कुनै कानुनले अयोग्य नभएको हुनुपर्ने

**९. सदस्यता नरहने :**

१. सदस्यको मृत्यु भएमा र निजको घरधुरीमा अरु कोही पनि अधिकारवाला नभएमा,

२. सदस्यले समितिको सिमाना भित्रवाट स्थायी रुपमा वसाई सरी अन्यत्र गएमा,

३. समितिलाई हानी नोक्सानी हूने कूनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यवाट हटाउने निर्णय गरेमा । तर सम्वन्धित सदस्यलाई सफाई दिने अवसरवाट वन्चित गर्न पाइने छैन । यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

## परिच्छेद ३

**१०. टोल सूधार समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:**

**क. अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष टोल सूधार समितिको प्रमुख हुन्छन् । टोल विकास समितिलाई व्यवस्थित र प्रभावकारी रुपले परिचालन गर्ने भन्ने सम्वन्धमा समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुर्नेछ :

१. समितिको नियमित वैठक वोलाउने,

२. वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने, प्रस्तावहरु पेश गर्ने ।

३. विषयगत छलफल गर्दा सवैको विचार बुझी सर्वसम्मत निर्णय गर्न पहल गर्ने, र सर्व सम्मत नभएमा बहूमतबाट निर्णय गर्ने ।

४. समुदायको सामाजिक, आर्थिक, स्वास्थ्य, वातावरण संरक्षण जस्ता कार्यमा सवैलाई समेटेर अर्थपुर्ण सहभागिता गराउन नेतृत्व गर्ने ।

५. समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी समानको आवश्यक सुरक्षाको प्रवन्ध मिलाउने ।

६. टोल सूधार समितिको विशेष वैठकको आवश्यकता परेमा वैठक वोलाउने ।

७.टोल सुधार समितिले गरेका निर्णयहरु लागु गर्ने गराउने ।

**ख. टोल सूधार समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितीमा कार्यवहाक अध्यक्ष भई कार्य गर्ने ।

२. टोल सुधार समिति भित्र तोकिएको अन्य काम गर्ने वा गराउने ।

**ग. टोल सूधार समितिको सचिवको काम कर्तव्य र अधिकारः**

१. अध्यक्षको आदेश अनूसार वैठक वोलाउने ।

२. वैठक पुस्तिकामा उपस्थित गराउने, छलफलका प्रस्तावहरु पेश गर्ने, छलफल बाट भएका निर्णयलाई लिपिवद्व निर्णय पुस्तिकामा लेखी प्रमाणित गराउने ।

३. समितिको क्रियाकलापको वारेमा सम्पुर्ण सदस्यहरुलाई जानकारी गराउने ।

४. समितिले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

५. समितिको आवश्यक कागजात तथा अभिलेखहरु सुरक्षित राख्ने ।

**घ. टोल सूधार समितिको कोषाध्क्षको काम, कर्तव्य र अधिकारः**

१. समितिको आर्थिक हिसाव किताव सूरक्षित राख्ने ।

२. समितिको कोषवाट भए गरेको आर्थिक कारोवारको प्रतिवेदन तयार गर्ने ।

३. आर्थिक कारोवार पारदर्शी तथा प्रभावकारी वनाउन विभिन्न नीति नियमहरुको पालना गर्ने ।

४. समितिको आर्थिक कारोवार वैंक मार्फत गर्ने र वैंक खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने

५. समितिको नगद र जिन्सी समानको जिम्मा लिई सूरक्षा गर्ने

६. समितिको कोष वृद्धिका लागि अन्य निकायसंग समन्वय र सहकार्य गर्ने ।

**च. टोल सूधार समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१. वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

२. समितिको आर्थिक कारोवार, कोष आदिको वारेमा रुचि राख्ने तथा जांच गर्ने ।

३. आवश्यकता अनूसार संस्था संचालनका लागि नीति नियमहरु वनाउन र सो नियमहरु पालना भए/नभएको सम्वन्धमा सहयोग गर्ने ।

४. टोल सूधार समितिको क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सार्वजनिक जग्गा, सामुदायिक भवनको संरक्षण गर्ने कार्यमा सरिक हूने ।

५. टोल विकास समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको निर्देशन पालना गर्ने ।

## परिच्छेद ४

### ११. टोल सूधार समितिको वैठक र कार्य प्रणाली

**क. नियमित मासिक वैठक**

१. समितिको मासिक वैठक नियमित वस्नुपर्नेछ ।

२. समितिलाई आवश्यक परेमा विशेष वैठक/आकस्मिक वैठक पनि बस्न सक्नेछ ।

३. समितिको नियमित वैठकमा संस्थाका समस्याहरु, श्रोत साधनको उपयोग, आर्थिक हिसाव किताव, सामाजिक विकास आदिको विषयमा छलफल गर्ने ।

**ख. साधारणसभा:**

१.समितिको प्रत्येक वर्ष वार्षिक साधारणसभा हूनेछ ।

२. साधारण सभामा समितिका सम्पुर्ण कार्यसमितिका पदाधिकारी, सल्लाहकार र साधारण सदस्यहरुको कम्तीमा ६०% उपस्थिति हुनुपर्नेछ ।

३. साधारण सभाको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा समितिको उपाध्यक्षले गर्नेछ ।

४. साधारण सभामा समितिले अन्य छिमेकी टोल विकास संस्था, वडा समिति र अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

५. समितिको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा १५ दिन भित्र विशेष साधारण सभा वोलाउनुपर्नेछ ।

**ग. अधिवेशन:**

१. समितिको अधिवेशन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ ।

२. उक्त अधिवेशनबाट सर्वसम्मती वा चुनावद्धारा नेतृत्व चयन हुनेछ ।

३. समितिको नेतृत्व चयन गर्दा दक्षता तथा क्षमताको आधारमा समावेशी गराउने तर्फ विशेष प्राथमिकता दिनुपर्दछ ।

४. समितिको पदाधिकारीहरुको पदावधि लगातार ३ कार्यकाल भन्दा वढी हुने छैन ।

५. टोल सुधार समितिको पदाधिकारीहरुको चयनका लागि एउटा निर्वाचन मण्डल गठन गर्नुपर्नेछ । जसमा समितिले तोकेको व्यक्तिको संयोजकत्वमा पदाधिकारीमा नवस्ने साधारण सदस्यहरुवाट ३ जनाको निर्वाचन मण्डल गठन गर्नुपर्नेछ । जसले निर्वाचनको प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

६. अधिवेशनमा संस्थाका साधारणसभाका सदस्यहरुले चाहेमा पुन: अर्को कार्यकालका लागि सवै पदाधिकारीहरुलाई सर्व सम्मत निर्णय गर्न सक्ने ।

७. समितिले वार्षिक साधारण सभा तथा अधिवेशन गर्न कार्यसमितिको वैठकवाट निर्णय गराउनु पर्नेछ ।

८. समितिले तोकेको समय, मिति र स्थानमा संस्थाको साधारणसभा तथा अधिवेशन हुनेछ ।

९. समितिलाई आवश्यकता अनुसार सल्लाह तथा सुझाव दिनका लागि सल्लाहकारको व्यवस्था गर्न सकिनेछ ।

## १२. साधारणसभाको काम, कर्तव्य र अधिकार

१. समितिको गत वर्षको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित गर्ने ।

२. आगामी वर्षका लागि कार्य योजना तयार गर्ने ।

३. लेखा परीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४. समितिलाई प्रभावकारी रुपमा संचालन गर्न विभिन्न कार्यगत उपसमितिहरु गठन गर्ने ।

५. समितिलाई आवश्यक पर्ने नीति, नियमहरु वनाई लागु गर्ने ।

६. कार्य समितिले निर्णय गरेका विषयहरुलाई अनुमोदन गराउने ।

७. समितिको विधान संशोधन गर्न आवश्यक देखिएमा बुंदा सहित वडा कार्यालयमा सिफारिस गर्ने ।

८. विभिन्न पदाधिकारी तथा उपसमितिहरुलाई अख्तियार प्रदान गर्ने ।

## परिच्छेद ५

**१३. आर्थिक लेखा कार्य व्यवस्था:**

क. समितिको देहाय वमोजिमको आर्थिक श्रोत भएको टोल विकास कोष हूनेछ ।

१. सरकारी तथा गैरसरकारी संस्थावाट प्राप्त नि:शर्त सहायता तथा अनूदान ।

२. समितिको क्रियाकलापको शिलशिलामा प्राप्त सेवा प्रदान गरेवापतको रकम ।

३. समितिको कोषवाट आर्जित व्याज ।

४. समितिले कार्यक्रम संचालन गरी वचाएको रकम ।

५. समितिको नाममा रहेको चल सम्पत्तिको परिचालनवाट प्राप्त आय रकम ।

ख. समितिको आर्थिक कारोवार दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राख्नुपर्नेछ ।

ग. समितिको वार्षिक लेखापरीक्षण ५ लाख सम्म कोषको लागि समितिले आफैले लेखा समिति गठन गरि गर्नसक्नेछ । भने सो भन्दा बढी दर्तावाला लेखा परीक्षकवाट गराउनुपर्नेछ ।

घ. समितिको वार्षिक लेखा परीक्षण गरेको प्रतिवेदन साधारणसभामा प्रस्तुत गर्नुपर्नेछ भने १ प्रति वडामा पेश गर्नुपर्नेछ ।

ङ. टोल सुधार समितिको आर्थिक कारोवार वैंक मार्फत गर्नुपर्नेछ । टोल सुधार समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट संचालन हुने गरी कोष परिचालन गर्नुपर्नेछ ।

## परिच्छेद ६

**१४. विविधः**

**क. राजीनामाः**

१. समितिका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

२. अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत कार्य समितिमा पेश गर्नु पर्नेछ र सो उपर समितिले निर्णय गरे वमोजिम हुनेछ ।

३. समितिका अध्यक्षले राजीनामा दिंदा निजको कार्यकाल २ वर्ष पूरा भएमा अधिवेशनवाट नयां कार्यसमिति गठन गरिनेछ भने यदि कार्यकाल ६ महिना भन्दा कम भएमा उपाध्यक्षले कार्यावाहाक अध्यक्ष भई काम गर्नेछ र सोको समयावधि पुगेपछि विद्यान अनुसार नयां कार्यसमिति चयन गरिनेछ ।

**ख. अविश्वासको प्रस्तावः**

१. समितिका सदस्य उपर संस्थाको कम्तीमा एक तिहाई सदस्यहरुले लिखीत रुपमा स्पष्टिकरण सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नुपर्नेछ । अविश्वासको प्रस्ताव साधारणसभामा पेश भई छलफल गर्नुपर्छ । प्रस्ताव उपर निर्णय गर्दा बहुमतलाई भन्दा सर्व सम्मतलाई वढी जोड दिइनेछ ।

२. जुन पदाधिकारी प्रति अविश्वासको प्रस्ताव ल्याईएको हो सो व्यक्तिले साधारण सभामा आफ्नो स्पष्टिकरण पेश गर्न पाउनुपर्नेछ ।

**ग. विधानको संशोधनः**

१. यो विधान संशोधन गर्नुपर्ने देखिएमा टोल सुधार समितिले संशोधन प्रस्ताव साधारणसभामा पेश गरी सो सभाको छलफलवाट बुंदागतरुपमा पास गरी पेश गर्न सक्नेछ ।

२. समितिको सधारण सभाले यो निर्देशिका संसोधन गर्नका लागि सिफारिश गरेमा नगर कार्यपालिकाले आवश्यकता अनूसार संशोधन गर्नसक्नेछ

३. यो विधानको व्याख्या गर्ने अधिकार नगरपालिकामा निहीत रहनेछ ।

४. संस्थाको उद्देश्य पुर्तिका लागि विविध क्रियाकलाप सञ्चालन गर्न विभिन्न उपसमितिहरु गठन/कार्यमूलक समूहहरु गठन गर्नूपरेमा विधानको कारणले वाधा पुऱ्याएको मानिने छैन ।

**घ. सम्पत्ति तथा दायित्वः** प्रचलित नियम, कानुन, निर्देशिकामा व्यवस्था भए अनुसार टोल सूधार समितिको आफ्नो नाममा रहेको चल अचल सम्पत्ति व्यक्ति सरह भोग चलन गर्न मात्र पाउनेछ । टोल सूधार समिति विघटन भएमा समितिको पहिलो कर्तव्य दायित्व भुक्तान गर्नु रहेको हुन्छ भने तत् पश्चात समितिको सम्पत्ति स्वतः नगरपालिकाको स्वामित्वमा आउनेछ ।

**ङ. अन्यः**

१. यस निर्देशिकामा लेखे जति हकमा यसै वमोजिम लागु हुनेछ । कतिपय विषयमा विधान संग नवाभिने गरी समितिको साधारणसभावाट नीति, नियमहरु वनाई लागु गर्न पनि सकिनेछ ।

२. टोल सूधार समितिले आफ्ना सबै कियाकलापहरु यस विधान र प्रचलित ऐन नियमको परिधिभित्र रही संचालन गर्नू पर्नेछ ।

३. प्रचलित नेपालको ऐन नियमहरु संग वाभिएको वुंदाहरु वांभिएको हदसम्म स्वतः खारेज हुनेछ ।

....................................

**प्रमुख प्रशासकीय अधिकृत**
**सिद्धार्थनगर नगरपालिका ।**